

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २१ गते शनिबार ❑ 6 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सम्मानजनक रोजगारी र आम्दानी नहुँदा गाउँ रित्तियो : राष्ट्रपति

**पोखरापत्र संवाददाता**
तनहुँ, २० पुस

राष्ट्रपति रामचन्द्र पौडेलले गाउँमा विकास र सुविधा पुगे पनि सम्मानजनक रोजगारी र आम्दानीको अवस्था सिर्जना नहुँदा ती विकास र सुविधाको उपभोग गर्ने मान्छे कोही नहुने हुन् कि भन्ने चिन्ता प्रकट गर्नुभएको छ।



भानु नगरपालिका-७ वसन्तपुरस्थित पुर्कोट माध्यमिक विद्यालयको शतवार्षिकी समारोहलाई सम्बोधन गर्दै आज राष्ट्रपति पौडेलले विदेश मोहले लठ्ठिएका नेपालीहरु आफ्नै नाभीको सुगन्ध खोज्दै भिरभिरै भौँतारिने अवस्था रहेको गुनासो गर्नुभयो । "अबका दुईचार वर्षमा यी सबै गाउँमा कालोपत्र सडक पुर्‍याउन हामी लागेका छौँ । म भन्छु, त्यो पनि पूरा गरिन्छ। तर समस्या उही हो, त्यो सुविधा उपभोग गर्ने मान्छे गाउँमा कोही रहने हुन कि हैनन् ?", राष्ट्रपति पौडेलले भन्नुभयो, "विदेश मोहले लठ्ठिएका हामी आफ्नै नाभीको सुगन्ध खोज्दै भिरभिरै भौँतारिने हाम्रो हालत छ। आखिर किन भयो यस्तो ? यो प्रश्न म आफैँसँग गरिरहेको छु । उत्तर पनि मसँगै छ । गाउँमा सबैथोक पुग्यो तर सम्मानजनक रोजगारी र आम्दानीको अवस्था बन्न सकेन।" राष्ट्रपति पौडेलले अहिले मुलुकले भोगिरहेको मुख्य समस्या नै प्रतिभा पलायन, श्रमशक्तिको पलायन भएको उल्लेख गर्नुभयो। "अहिले यहाँ पढ्ने र पढाउने दुवैथरी मेरा प्रशंसाका पात्र हुनुहुन्छ। यहाँ पढेर राम्रो शिक्षा हासिल गरिसकेपछि धेरैजसो सहर पस्नुभयो। उतै बस्नु भयो । गाउँको समस्या यही हो । अब आज देशको समस्या प्रतिभा पलायन, श्रमशक्तिको पलायन मुलुकले भोगिरहेको समस्यामध्ये सबैभन्दा जटिल छ", उहाँले भन्नुभयो । राष्ट्रपति पौडेलले आफूले पहिलोपटक चुनाव लड्दा २०४८ सालमा वरभञ्ज्याङको डाँडोमा उभिएर गाउँबाट अस्थिर भएको मनलाई गाउँमा नै आधुनिक सेवा र सुविधा ल्याएर गाउँमा नै बसौँ बसौँ बनाउँछु भनेको स्मरण गर्नुभयो । आफूले ग्रामीण स्वावलम्बनअन्तर्गत मोटर गाडी र स्वास्थ्यचौकी अनि सातौँ विद्युतीकरणको खाका लिएर त्यहाँ पुगेको उहाँको भनाइ थियो। उहाँले अहिले सबै गाउँमा बाटो, बिजुली, पानी, शिक्षा, स्वास्थ्य र सञ्चार पुगेको बताउनुभयो। उहाँले गाउँमा सबै विकास र सुविधा पुगे पनि गाउँ रित्तिने क्रम नटुटेको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

राष्ट्रपतिमा निर्वाचित भएपछि दोस्रोपटक गृहजिल्ला पुग्नुभएका राष्ट्रपति पौडेलले आफूले बैदी-छिपछिपेको डाँडा र मादी सेती काली किनारमा उभिएर देशको समृद्धिका मुख्य आधार कृषि क्रान्ति, पर्यटनको विस्तार र ऊर्जा शक्तिको प्रचुर विकास भएको र यसका लागि पहिलो खाँचो सुशासनको भएको बताउँदै आएको स्मरण गर्दै आफू त्यही विषयमा आज पनि उभिएको स्पष्ट पार्नुभयो । उहाँले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न जरुरी रहेको र अबको शिक्षा पनि यिनै विषयमा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "हाम्रो राष्ट्रसँग जुन मलिलो माटो छ, स्वच्छ जलवायु छ, विविधता छ । त्यसलाई हामीले चिन्न सकेनौँ। हामी फोस्रा नारामा बढी बहकियौँ। कुन उचाइ र कुन पाटोमा के उब्जनी हुन्छ ? त्यो ठम्याएर खेती गरौँ । जलवायुको ख्याल गरेर प्रविधिको प्रयोग गर्नु जरुरी छ।" उहाँले हाम्रो संस्कृति र हाम्रो प्रकृतिको कोरीबाटी गरेर पर्यटन पूर्वाधारको विकास गरे गाउँमै रोजगारी र आम्दानी आउँने बताउँनुभयो । पौडलले भन्नुभयो, "हिमालबाट उर्लेर बग्ने हाम्रा नदीनालाबाट हजारौँ मेगावाट ऊर्जा उत्पादन गरी छिमेकमा समेत बिक्री गरौँ, हामी यहीँबाट धनी हुन्छौँ । आफ्नो परिवार तड्पाएर विदेशतिर भौतारिन पर्दैन । आफ्नै नाभीको कस्तुरी सुगन्ध खोज्दै भिरभिरै लतारिनु पर्दैन। आफैँले आफैँलाई चिनौँ-गाउँमुखी बनौँ-नेपालमुखी बनौँ, हाम्रो स्कुलमा पढाउने यही नै हो असली राष्ट्रवाद।" राष्ट्रपति पौडेलले शिक्षा ज्ञान, चेतना र देशको सर्वाङ्गीण विकासको आधारशिला भएको बताउँदै शिक्षाको साथसाथै जीवनको आदर्श उच्च बनाउने र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने नैतिक शिक्षा आजको आवश्यकता भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "सीपविना तथा आचरणविनाको नागरिकबाट देश समृद्ध हुन सक्दैन । सामुदायिक विद्यालयको शैक्षिकस्तर वृद्धि गरी सीपवान् र शीलवान् नागरिक बनाउनेतर्फ हामी सबैको ध्यान जानुपर्छ भन्ने मलाइ लाग्छ।"

सूचना प्रविधि, विश्वव्यापीकरण र आधुनिकताले ओतप्रोत भएको वर्तमान विश्वपरिवेशको मागअनुरुपको शीक्षा नीति, पाठ्यक्रम र प्रविधियुक्त प्रतिस्पर्धी तथा गुणस्तरीय पठनपाठनको विकास गरी राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय गुणस्तरअनुरुपको शिक्षा प्रदान गर्नेतर्फ अगाडि बढ्नुपर्ने राष्ट्रपति पौडेलको भनाइ थियो।

## पोखरामा कृषि यान्त्रीकरण प्रदर्शनी तथा बिक्री सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस




पोखरामा शुक्रबार देखि प्रथम प्रादेशिक कृषि यान्त्रीकरण प्रदर्शनी ताथ बिक्री सुरू भएको छ । पोखरा प्रदर्शनी केन्द्रमा यही पुस २२ गतेसम्म चल्ने उक्त प्रदर्शनीमा नेपाल सहित भारत, चाइना, जापान, डेनमार्ग, थाइल्याण्ड सहित १० बढी मुलुकबाट कृषि औजार, उपकरण तथा प्रबिधिहरू प्रदर्शनी एवं बिक्रि सुरू भएको नेपाल कृषि मेसिनरी व्यापारी संघका अध्यक्ष कृष्ण शर्माले बताउनुभयो।

कृषि यान्त्रीकरणको प्रबर्द्धन र सचेतना गराउने उद्धेश्यले आयोजना भएको उक्त प्रदर्शनीमा न्यूनतम १० प्रतिशत देखि ३० प्रतिशतसम्म छुट भएको उहाँले दाबी गर्नु भयो । प्रदर्शनीमा ६० भन्दा बढी व्यावसायिक तथा सेवामुलकका ७० वटा स्टलहरू भएको अध्यक्ष शर्माले बताउनु भयो । उक्त कार्यक्रममा ४० जिल्लाका करिव ३० हजार भन्दा बढी सहभागी हुने अपेक्षा गरिएको उहाँले जनाउनु भयो। ३ दीन चल्ने प्रदर्शनीमा करिब ५ करोड भन्दा बढीको आर्थिक कारोवार हुने अपेक्षा गरिएको अध्यक्ष शर्माले बताउनु भयो । प्रदर्शनीमा कृषि औजार, उपकरण, प्रविधि उत्पादक उद्यमी व्यवसायीहरु, आयातकर्ता, वितरक, डिलर, सब-डिलरहरु, सरकारी एवं गैढ़ सरकारी संघ संस्थाहरु, कृषि विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक संस्थाहरु, अनुसन्धान संस्थाहरु सेवा प्रदायक कृष कृषक समूह, सहकारी संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरूको सहभागीता हुने भएको छ। गण्डकी प्रदेशका, कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मीले उक्त प्रदर्शनीले यस क्षेत्रका किसानलाई राहत मिल्ने बताउनु भयो। प्रदर्शनीमा नेपालको कृषि तथा पशुपालन क्षेत्रलाई यान्त्रीकरण, औद्योगिकरण, आधुनिकीकरण तथा व्यबसायीकरण गर्न टेवा पुर्याउने उद्देश्यले आयोजना गरिएको यस प्रदर्शनीमा आधुनिक कृषि, पशुपालन, मत्स्यपालन, पुष्प खेती, व्यवसायीक तरकारी खेती र प्रशोधन तथा बजारीकरण सम्बन्धी आधुनिक यन्त्र, उपकरण तथा प्रविधिका सामाग्री, बीउबिजन, आधुनिक सिंचाई लगायतको राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय क्षेत्रमा रहेका प्रतिष्ठित कम्पनीहरुको सहभागिता रहने संघले जनाएको छ । गण्डकी प्रदेश, कृषि विकास निर्देशनालय-मालेपाटन, पोखरा, पोखरा महानगरपालिका, पोखरा, कास्की, नेपाल सरकार, कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन र यस संघको संयुक्त आयोजनामा उक्त कार्यक्रम भएको हो । कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी गोष्ठी, सेमिनार, रैथाने वालीहरुको परिकार प्रदर्शन तथा कृषि जैविक विविधता संरक्षण सम्बन्धी प्रदर्शनी, कृषि जैविक विविधता संरक्षण सम्बन्धी छलफल/अन्तरक्रिया हुने भएको छ । यसैबिच, उक्त प्रदर्शनीको गण्डकी प्रदेशका कृषि तथा भूमि व्यावस्थापन मन्त्री महेन्द्रध्वज जिसीले उद्धघाटन गर्दै किसानहरूले अब प्रविधिमा आधारित कृषि खेति गर्नुपर्नेमा जोड दिनु भयो । हाम्रो देशको कृषि क्षेत्र नै लाइफलाइन भएको दाबी गर्दै मन्त्री जिसीले कृषि नै हाम्रो देशको आर्थिक मेरुदण्ड भएको दाबी गर्नु भयो । सिङ्गो मुलुकको जिडिपीमा २६ प्रतिशत कृषिको योगदान भएको दाबी गर्दै उहाँले कृषि पेसालाई परम्परागत र निर्वाहमुखीबाट बिस्तारै आधुनिकीकरण र यान्त्रीकरण हुदै व्यवसायीक तर्फ लैजानु पर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले व्यवसायीक कृषि खेतीलाई प्रोतसाहन गर्न चक्लाबन्दी जस्ता कार्यक्रमलाई निरन्तरता दिदै आएको उहाँको भनाई थियो । पोखरा महानगरपालिकाको आर्थिक विकास समितिका संयोजक बोधराज कार्कीले कृषि उपजको बजारीकरण सहित सुरक्षित ढुवानीका लागि कृषि एम्बुलेन्स समेत सञ्चालन गरिएको बताउनु भयो । महानगर क्षेत्रका कृषकहरूलाई यान्त्रीकरणमा अनुदान सहायता प्रदान गरिएको उहाँले बताउनुभयो। पोखरा १४ का वडाध्यक्ष समेत रहनुभएका संयोजक कार्कीले पोखरामा कृषि योग्य भुमि बस्तीमा परिणत हुदै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'शिक्षाको गुणस्तर सुधारका लागि सरकार प्रतिबद्ध छ'

**पोखरापत्र संवाददाता**
दमौली, २० पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शिक्षाको गुणस्तर सुधार गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। तनहुँको भानु नगरपालिका-७ बसन्तपुरस्थित पुर्कोट माध्यमिक विद्यालयको शुक्रबार आयोजित शतवार्षिकोत्सव कार्यक्रममा उहाँले व्यावसायिक शिक्षा प्रदान गर्ने सवालमा सरकार दृढ रहेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "शिक्षा क्षेत्रको गुणस्तर कसरी सुधार्न सकिन्छ भन्ने सवालमा प्रदेश सरकार कार्ययोजनासहित अगाडि बढेको छ । नीति तथा कार्यक्रममा पनि बिग स्कुल, लिड स्कुल र रेसिडेन्टल स्कुलको अवधारणा ल्याएको छ ।" उहाँले गण्डकी प्रदेशमा सिफारिस भई आएका शिक्षकलाई सेवाकालीन तालिम सञ्चालन गरिरहेको उल्लेख गर्नुभयो । मुख्यमन्त्री पाण्डेले शिक्षाको अधिकार कुन तहको सरकारको हो भन्ने प्रष्ट नहुँदा समस्या भइरहेको उल्लेख सङ्घीय सरकारले शिक्षा ऐन नबनाउँदा शिक्षा क्षेत्रमा धेरै काम गर्न नसकिएको जिकिर गर्नुभयो । उहाँले एक सय वर्ष अगाडि यस क्षेत्रमा विद्यालय स्थापना गरेर नागरिकलाई शिक्षा प्रदान गर्ने सवालमा अग्रजहरूले खेलेको भूमिकाप्रति सराहना गर्नुभयो। गाउँमा विद्यार्थी सङ्ख्या घट्दै जाने कारणले समस्या भएको बताउँदै उहाँले गाउँमै रोजगारी र आम्दानी वृद्धि गर्न सकिए नागरिक गाउँमै बस्ने अवस्था आउने उल्लेख गर्नुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "गाउँका विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो छ । गाउँबाट सहर पस्ने क्रम बढेकाले गाउँमै टिकाइराख्न चुनौती छ। गाउँमा नै मानिसलाई टिकाउने गरी रोजगारीको सिर्जना गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।"


### आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

◆ झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
◆ सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
◆ आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
◆ हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
◆ सकेसम्म बाथरुपमा ग्यास गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## एमालेले राष्ट्रियसभा निर्वाचनमा १९ सिटमा उम्मेदवार दिने

**रासस**
काठमाडौं, २० पुस


नेकपा (एमाले) ले राष्ट्रियसभामा रिक्त रहेका सबै सिटमा उम्मेदवार दिने भएको छ।

ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा शुक्रबार बसेको सचिवालय बैठकले आगामी माघ ११ गते हुने राष्ट्रियसभाको निर्वाचनमा १९ वटै सिटमा मनोनयन दर्ता गर्ने निर्णय गरेको पार्टी महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो।

बैठकपछि शुक्रबार आयोजित पत्रकार सम्मेलनमा महासचिव पोखरेलले बैठकमा सातवटै प्रदेश कमिटीबाट आएका सिफारिसलाई 'कलस्टर' अनुसार प्रारम्भिक छलफल

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८०


# पोखरा...

गएमा चिन्ता समेत व्यक्त गर्नु भयो। महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले कृषिको आधुनिकीकरण र यान्त्रीकरणको अभियानमा महानगर लागेको दाबी गर्नु भयो। टुक्रे र भिरालो जमिनका कारण यान्त्रिक उपकरणहरूको उपयोग त्यति सहज नभएको उहाँको भनाई थियो। पोखरा महानगरपालिका पछिल्ला केही वर्षदेखि कृषि यान्त्रीकरणको अभियानमा रहेको दाबी गर्दै प्रमुख कडरियाले कृषकहरूलाई आकर्षण गर्दै अनुदान र लागत साझेदारीमा कृषि यान्त्रीकरणको काम भने निरन्तर भइरहेको उल्लेख गर्नु भयो। पोखरा महानगरपालिका भित्रको कृषियोग्य जमिनलाई बाँझो नराख्ने र कृषकहरूको उत्पादनलाई बजार सुनिश्चितताका सकारात्मक अभ्यासहरू महानगरपालिकाको तर्फबाट गरिएको प्रमुख कडरियाले बताउनुभयो। उक्त प्रर्दशनीमा अन्य मेला महोत्सव भन्दा भिन्न प्रकारको रहेको छ। गित संगित भन्दा पनि किसानलाई आफ्नो वालीनाली तथा फलफुल तरकारी कसरी बढी फलाउन सकिन्छ त्यसको कसरी सुरक्षित र छिटो कम लागतमा उत्पादन गर्न सकिन्छ लगायतका बस्तु तथा सेवाहरु प्रर्दशनीमा रहेको स्याङ्जा, फेदीखोलाकी एक किसान सुमित्रा पौडेलले बताउनु भयो। यस्ता मेला नियमित रुपमा हुन आवश्यक भएको उहाँले माग गर्नु भयो।

# पिएम कप क्रिकेट छनौटमा बागलुङ प्रतियोगिताबाट बाहिरियो

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरा रंगशालामा जारी गण्डकी प्रदेश स्तरिय पिएम कप क्रिकेट छनौटमा बागलुङ माथि स्याङजाले सहज जित हासिल गरेको छ। शुक्रबारको खेलमा स्याङजाले बागलुङ माथि १ सय ४१ को बिशाल रनको अन्तरले पराजित गर्दै सहज जित हासिल गरेको हो।

टस जितेर व्याटिङ गरेको स्याङजाले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै ३४४ बिशाल रनको योगफल तयार पार्‍यो। ३ सय ४५ रनको लक्ष्य पाएको बागलुङले ५० ओभर मा ८ विकेटको क्षतीमा २ सय ३ रनमै समेटियो। शुक्रबारको खेलमा नायक भएका स्याङजाका इश्वर क्षेत्रीले १४४ रन जोड्न सफल भए। शुक्रबारको खेलमा १० छक्का प्रहार गरेका उनी म्यान अफ दी म्याच समेत घोषित भए।

पोखरामा जारी प्रतियोगितामा बागलुङ विहिबारको खेलमा कास्कीसंग पराजित भएको थियो। समुह 'ए' रहेको बागलुङ लगातार दुई खेलमा हार व्यहोरेसंगै प्रतियोगिताबाट बाहिरिएको हो। स्याङजाका अश्विन रानाले ४३ रन, सन्दिप खत्री क्षेत्रीले ३२ र करन पंगेनीले २८ रनको योगदान दिए। त्यस्तै, बागलुङका लागि अर्जुन रायमाझीले ७० रनको योगदान दिंदा दिपेश कुवंरले ५४ रनको योगदान दिए, तुलसीराम भण्डारीले ३ विकेट लिए। बागलुङका लागि अंकित अर्जुन रायमाझीले ३० रन जोड्दै ३ विकेट लिए भने अंकित न्यौपानेले २९ रन जोड्दै २ विकेट लिए। खेलको म्यान अफ दि म्याच भएका इश्वरलाई प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङले मेडल प्रदान गरेका थिए।

यसैबिच, शनिबार घरेलु टिम कास्की बिरुद्ध स्याङ्जा बिच खेल हुने भएको संघ प्रदेशका अध्यक्ष संजयकान्त सिग्देलले बताए।

# पोखरामा नियमित खेलकुदका गतिविधि बढाउन: राखेप सदस्य गुरुङको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस




राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य राजेशकुमार गुरुङले पोखरामा नियमित खेलकुदका गतिविधि बढाउन आग्रह गर्नु भएको छ।

पोखराको प्रगती बोर्डिङ स्कुलको खेलकुद दिवस २०८० को शुक्रबार पोखरा रंगशालामा उद्घाटन गर्दै उहाँले गण्डकी प्रदेशको राजधानि पोखरामा खेलकुदका गतिविधिहरु बढाउन आग्रह गर्नु भएको हो।

खेलकुदको जग भनेकै बिद्यालय भएकोले उक्त प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउने गरी अहिले देखिनै खेलकुदका गतिविधि बढाउन सदस्य गुरुङले बिद्यालयहरुलाई सुझाव दिनु भएको हो। कर्णाली प्रदेशमा आउदो २०८१ को मंसिरमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरी खेलकुदका गतिविधि बढाउनु पर्ने उहाँको भनाई थियो। पोखरा रंगशालामा निर्माण भएका खेल भौतिक संरचनाको संरक्षण सहित भरपूर्ण रुपमा प्याव्सन, एन प्याव्सन, हिसान लगायतका संघ संस्थाहरुले उपयोग गर्न राखेप सदस्य गुरुङको भनाई थियो।

उत्कृष्ट खेल प्रर्दशन गर्ने तथा नयाँ प्रतिभा खेलाडीहरु उत्पादन गर्न आवश्यक पर्ने खेल प्रशिक्षक समेत राखेपले उपलब्ध गराउने उहाँले बताउनु भयो। प्रगती स्कुलले ८ ईभेण्टमा यस बर्ष विभिन्न खेलकुद समेटेकोमा धन्यवाद दिदै सदस्य गुरुङले अगामी बर्ष देखि अझ बढी खेलहरुलाई समावेस गर्न आग्रह गर्नु भयो। बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्याव्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेल, बिद्यालयका अतिरिक्त कृयाकलाप संयोजक सुमन कार्की लगायतले वोल्नु भएको थियो। बिद्यार्थीहरुको शैक्षिकसंगै खेलकुदको विकास गर्न पनि उक्त कार्यक्रम बार्षिक रुपमा गर्दै आएको बिद्यालयका संस्थापक दीनेश श्रेष्ठले जनाउनु भयो।

बिद्यालयका ४ सदनहरु बिच विभिन्न ८ बिधामा खेल भएको प्लस टु संयोजक डोलराज अर्यालले बताउनु भयो। मार्च पासमा अन्नपूर्ण समुह उत्कृष्ट भएको बिद्यालयका शिक्षक शुक्रराज बरालले बताउनु भयो। बिद्यालयमा १ हजार १ सय ६२ जना बिद्यार्थीहरु अध्ययनरत हुनुहुन्छ। करिब ५ सय बिद्यार्थीहरु विभिन्न खेलकुदमा आबद्ध भएको बिद्यलायले जनाएको छ।

# राष्ट्रिय माविले वैशाख ८ गते पुनमिलन समारोह गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस




स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा आफनो हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले आउदो बैशाख दोस्रो साता पुनमिलन समारोह गर्ने भएको छ।

हीरक महोत्सव पनमिलन समारोह आयोजक उपसमितिको शुक्रबार बसेको बैठकले आउदो ८ बैशाख ०८१ मा पनमिलन समारोह गर्ने निर्णय गरेको हो। यस अघि ७ पुसमा बसेको पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सरोकारवालाहरुको भेलाले पुनमिलन समारोह उपसमिति गठन गरेको थियो। उपसमितिको शुक्रबार बसेको पहिलो बैठकले पुनमिलन समारोहको मिति तय गरेको हो। यसै गरि बैठकले पुनमिलन समारोह उपसमितिको सह संयोजकमा माया सिग्देल पराजुलीलाई चयन गरेको थियो भने पुनमिलन समारोह सम्पन्न गर्न विभिन्न उपसमितिहरु समेत गठन गरेको थियो। पुनमिलन समारोहमा विद्यालयमा अध्यूयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु बिच परिचय सगै अनुभव आदान प्रदानको काम सगै विभिन्न मनोरञ्जनात्कम र सास्कृतिक कार्यक्रमहरु गरिने उपसमिति संयोजक वसन्तराज अधिकारीले जानकारी दिए। २० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक जयन्ती २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाई रहेको छ। यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ गरिएको थियो। हीरक महोत्वका अर्न्तगत पुनमिलन समारोह गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाले जानकारी दिए। पुनमिलन समारोहमा विद्यालयमा अध्यूयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी सगै सरोकारवालाहरुको धेरै भन्दा धेरै सहभागिता गराउने गरि आफुहरुले काम गरिरहेको पुनमिलन समारोह उपसमितिका सदस्य सचिव समेत रहेका विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाले जानकारी दिए।

# कास्की हेभी इक्विपमेण्ट व्यवसायीको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस




पोखराका नगर प्रमुख धनराज आचार्यले विकास-निर्माणका कामहरु समयमै सम्पन्न गर्नको लागि महानगर दत्तचित्त रहेको बताएका छन्। ठेक्का लाग्ने तर समयमा काम सम्पन्न नहुनुमा निर्माण कम्पनीहरुको पनि दोष रहेको उनको भनाइ थियो।

कास्की हेभी इक्विपमेण्ट व्यवसायी संघको आठौं साधारण सभाको उद्घाटन गर्दै उनले पोखराले महानगरले समयमै कामको भुक्तानी गर्ने प्रतिवद्धता पनि जनाए। मेयर आचार्य निर्माण व्यवसायीहरुले समयमा भुक्तानी नपाउँदा, प्रक्रिया झन्झटिलो हुँदा तथा कतिपय अवस्थामा कर्मचारीहरु रिझाउनै पर्ने अवस्था रहेको भन्ने व्यवसायीहरुले उठाएको गुनासोको उत्तर दिँदै थिए।

मेयर आचार्यले भुक्तानीको लागि प्रक्रिया पुर्‍याउनुपर्नेमा जोड दिए। हेभी इक्विपमेण्ट व्यवसायीहरुले गरेको ठूलो लगानीको संरक्षण हुनुपर्ने बताउँदै उनले व्यवसायीहरुलाई पनि अस्वस्थ प्रतिस्पर्धा नगर्न आग्रह गरे। ठूला मेसिनहरु चलाउने चालकको अभावबारे आफू जानकार रहेको बताउँदै मेयर आचार्यले दक्ष जनशक्ति उत्पादन तथा थप तालिमको लागि महानगरले सघाउने उद्घोष पनि गरे। विभिन्न दातृ निकायहरुले पोखराको भौतिक निर्माणको लागि ठूलो रकम सहयोग गरेको प्रसंग उल्लेख गर्दै उनले तालचोक -बेगनास,दोबिल्ला-पुँडीटार,शिशुवा-सिसाघाटलगायत सडक निर्माणले पोखरालाई साँच्चिकै सुविधा सम्पन्न महानगर बनाउने जिकिर पनि गरे। पृथ्वी राजमार्गको स्तरोन्नति ढिला भएको स्वीकार्दै उनले चिनियाँ निर्माण कम्पनीसँग महानगरले पटक-पटक ताकेता गरेसँगै कामले गति लिएको पनि बताए। कार्यक्रममा बोल्दै कास्की हेभी इक्विपमेण्ट व्यवसायी संघका अध्यक्ष बालकृष्ण कोइरालाले राज्यले लिएको गलत नीति, हेभी इक्विपमेण्ट व्यवसायीलाई हेर्ने गलत दृष्टिकोण कारण व्यवसायीहरुमा निराशा छाएको बताए। उनले विकास बजेट खर्च नहुँदा मेसिनहरु थन्किएर बसेको जिकिर गर्दै भने, 'गण्डकी सरकारको अर्थ मन्त्रालयले पुस १ गते दिएको जानकारी अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को लागि पूँजीगततर्फ करिब २० अर्ब १९ करोड रुपैयाँ विनियोजन गरिएकोमा हालसम्म जम्मा १० प्रतिशत अर्थात् २ अरबको हाराहारीमा मात्र खर्च भएको छ। कार्यक्रमका विशेष अतिथि नेपाल हेभी इक्विपमेण्ट व्यवसायी महासंघका कार्यवाहक अध्यक्ष उमाकान्त शर्माले पनि विकास निर्माणको काम सुस्त हुँदा र भुक्तानी समयमा नहुँदा देशभर रहेका हेभी इक्विपमेण्ट व्यवसायीहरु पीडित भएको बताए। कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की र लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा, नेपाल इन्स्योरेन्स कम्पनीका गण्डकी प्रखुख कल्याण अधिकारी, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी निरीक्षक भानु शर्मा, हेभी इक्विपमेण्ट मेकानिकल संघका अध्यक्ष नेत्रबहादुर अधिकारी, हेभी इक्विपमेण्ट महासंघका संस्थापक अध्यक्ष ताराबहादुर कुँवर, केन्द्रीय सदस्यहरु प्रभुराम श्रेष्ठ र खिन्तबहादुर भण्डारी, कास्की हेभी इक्विपमेण्ट व्यवसायी संघका संस्थापक अध्यक्ष, लीलामोहन कुइँकेल, हेभी इक्विपमेण्ट व्यवसायी महासंघका महासचिव सुरेश खत्री, निवर्तमान अध्यक्ष तथा गण्डकी प्रदेश संयोजक निश्चल पोखरेललगायतले शुभकामना मन्तव्य राखेका थिए। आठौं साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्दै कास्की हेभी इक्विपमेण्ट व्यवसायी संघका सचिव भीम केसीले बुझ्दै नबुझी हेभी इक्विपमेण्ट खरिद गरी व्यवसाय थाल्ने तथा आफू नजिककालाई व्यवसायी बनाउन खोज्ने जनप्रतिनिधिहरुको गतिविधिले सच्चा व्यवसायी नजन्मने उद्घोष गरे।

# एमालेले ...

गरिएको बताउनुभयो। एमालेले एक महिलासहित प्रत्येक प्रदेशबाट तीन जनाको नाम सिफारिस गर्न प्रदेश कमिटीलाई निर्देशन दिएको थियो।

"सिफारिस भई आएका उम्मेदवारका नाम कलस्टर अन्तर्गत पर्ने/नपर्ने र प्रमाणित हुने/नहुने भन्ने विषय स्पष्ट भएर उम्मेदवारी दर्ताको तयारी गरेका छौँ", महासचिव पोखरेलले भन्नुभयो।

यसैगरी बैठकले छ जनालाई पार्टी केन्द्रीय सदस्यमा मनोनित गरेको छ। प्रदेश अधिवेशनपछि निवर्तमान प्रदेश अध्यक्षलाई पार्टीको केन्द्रीय सदस्यमा मनोनित गर्ने निर्णय गरेको महासचिव पोखरेलले जानकारी दिनुभयो।


महासचिवका अनुसार कोशी प्रदेशका तुलसीप्रसाद न्यौपाने, मधेस प्रदेशको रामअवतार यादव, बागमती प्रदेशबाट केशवराज पाण्डे, कर्णाली प्रदेशको विनोद शाह र सुदूरपश्चि प्रदेशको दामोदर भण्डारीलाई केन्द्रीय कमिटीमा मनोनित गर्ने निर्णय गरेको छ। यसैगरी बैठकले लामो समयदेखि पार्टी काममा रहेका झापा जिल्लाका अध्यक्ष दीपक कार्कीलाई पनि केन्द्रीय सदस्यमा मनोनयन गर्ने निर्णय गरेको छ। महासचिव पोखरेलले नेपाल-भारत संयुक्त आयोगको बैठकमा भएका सम्झौता विषयमा सरकारले प्रतिपक्षसँग कुनै पनि परामर्श नगरेका चिन्ता व्यक्त गरेको छ।

"भारतसँग के के सम्झौत भए। सत्तापक्षले त्यसको प्रतिपक्षलाई स्पष्ट पारेको छैन", महासचिवले भन्नुभयो, "भारतसँग के-के विषयमा सम्झौता भएका छन्। ति विषयलाई स्पष्ट पार्न माग गरेका छौं।"


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भिटोफ गण्डकीको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

गाँउ पर्यटन प्रर्बद्धन मञ्च (भिटोफ) गण्डकी प्रदेश को नबौ बार्षिक साधारण सभा तथा चौथो अधिवेशनले अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

कास्कीको अर्मलाकोटमा विहिबार सम्पन्न भएको उक्त अधिवेशनले शोभा कुमारी अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।



त्यसै गरी संस्थाको प्रथम उपाध्यक्षमा रमेश अर्याल, द्धितिय उपाध्यक्षमा सुशीला भण्डारी, सचिवमा लक्ष्मण पहारी, सहसचिवमा विश्व क्षेत्री, कोषाध्यक्षमा शरण गुरुङ रहनु भएको छ भने अन्य सदस्यहरुमा चिन्तामणि पोखरेल, भावना राना भाट र विमला सापकोटा रहनु भएको छ । त्यसै गरी संस्थाको निवर्तमान अध्यक्षमा उदय सुवेदी रहनु भएको भिटोफले जनाएको छ। यस अघि उक्त कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका सांसद प्रकाश बरालले गाउँ पर्यटन प्रबर्द्धन गरी ग्रामिण क्षेत्रको विकासमा सबै लाग्नु पर्ने बताउनु भयो ।

# पाँच गाउँमा विद्युत सेवा विस्तार

**पोखरापत्र संवाददाता**
दमौली, २० पुस

तनहुँको देवघाट गाउँपालिका-४ को पाँच गाउँमा विद्युत् विस्तार भएको छ । हालसम्म विद्युत् पहुँच नपुगेको उक्त वडाको ढुङ्गाघारी, बसेनी, काफलस्वाँरा, बापस र डुडेबासपानीमा विद्युत् विस्तार भएको हो ।

भरतपुर विद्युत् वितरण केन्द्र आँपटारी 'सवस्टेसन'मार्फत ती गाउँका एक सय ३० घरमा बिजुली बलेको देवघाट-४ वडाध्यक्ष मित्रलाल गुरुङले जानकारी दिनुभयो । बिजुलीका लागि मिटरबक्स र प्राविधिक भने तनहुँको आँबुखैरेनी सवस्टेसनले उपलब्ध गराएका थियो । नेपाल विद्युत् प्राधिकरण आँबु उपवितरण केन्द्रका प्रमुख राजवीर यादवको उपस्थितिमा ती घरधुरीमा विद्युत् आपूर्ति सुचारु भएको छ ।

वडाध्यक्ष गुरुङका अनुसार केही दिनभित्रै सोही वडाको चारघरेमा एक सय केभीएको ट्रान्सफर्मर जडान गरिनेछ । यसबाट पारलाभ्फ्ग, चारघरे, साराङघाट, भुवनबस्ती र अग्रीडाँडामा विद्युत् विस्तारका लागि सहयोग हुनेछ । हालसम्म टुकी र सोलारको भरमा उज्ज्यालोको सहारा लिँदै आएका स्थानीयवासी विद्युत् पुगेपछि खुसी भएका छन् । गत वर्षको स्थानीय तह निर्वाचन अगाडि आमडाँडा, गाईघाट, आइलिम, सिन्चाङ, खोडेमोहोरिया र दुईघरेमा मात्रै विद्युत् पुगेको थियो ।

करिब चार/पाँच वर्षअघि नै उक्त गाउँमा बिजुली जडानका लागि ठेक्का सम्झौता भए पनि ठेकेदारको लापर्वाहीको कारण बीचमा काम रोखिएको थियो । उहाँले भन्नुभयो, "म वडामा निर्वाचित भएर आएपछि रोकिएको विद्युतीकरणको कामलाई अगाडि बढाउन पहल गरेको हुँ । त्यसैको प्रतिफलस्वरुप गाउँमा पहिलोपटक बिजुली बत्ती बलेको छ ।" उहाँका अनुसार यहाँ धेरै वर्ष पहिला बत्ती बल्नुपर्ने हो तर स्थानीय सरकारको उदासिनता र ठेकेदारको ढिलासुस्तीले कामले गति लिन सकेको थिएन । बिजुलीको अभावमा अहिलेसम्म वडा कार्यालय सिन्चाङमा स्वास्थ्यचौकीको भवनबाट सञ्चालन हुँदै आएकामा अब चाँडै काफलडाँडामा निर्मित आफ्नै भवनबाट सेवा प्रवाह गरिने उहाँले बताउनुभयो । वडा कार्यालयको भवन निर्माण भइसकेको र त्यसमा बिजुली बत्ती पनि जडान भइसकेकाले अब चाँडै इन्टरनेटसमेत जडान गरेर उक्त भवनबाट सेवा सुरु गर्ने तयारी गरिएको छ ।

# नौ किलोको एउटै काउली

**पोखरापत्र संवाददाता**
गोरखा, २० पुस

गोरखा नगरपालिका-७, काँडाघारीस्थित धारापानीका एक किसानले नौ किलोको एउटै काउली फलाएका छन् । स्थानीय एककुमारी बस्नेतको बारीमा फलेको काउलीको थुङ्गा नौ किलोको छ । अहिले बस्नेतले उत्पादन गरेको काउली 'कृषि, पर्यटन तथा व्यापार प्रवर्द्धन मेला-२०८०' को प्रदर्शनीमा राखिएको छ ।

"काउली जोख्दा पूरै ११ किलोको थियो, कृषि ज्ञानकेन्द्र गोरखाका प्रमुख नीलकण्ठ पोखरेलले भन्नुभयो, "डाँठ र पात गरी दुई केजी घटाउँदा थुङ्गा मात्र नौ किलोभन्दा बढीको रहेको छ ।" नेपालमा अहिलेसम्मकै सबैभन्दा ठूलो काउली भएको प्रमुख पोखरेलको दाबी छ । यसअघि बागलुङ नगरपालिका-९ तित्याङ थापाथरका पदम खत्रीको खत्री एग्रो फार्ममा आठ किलो आठ सय ८० ग्रामको काउली उत्पादन भएको पाइएको थियो ।



करिब एक रोपनी क्षेत्रफलमा काउलीको व्यावसायिक खेती गर्दै आएका किसान बस्नेतको बारीमा अनुमानित आठ किलोग्रामभन्दा बढीका काउली फलेका छन् । बारीमा उत्पादित काउली ठूलो भएकाले बजारमा बिक्री गर्न कठिनाइ हुने गरेको उहाँको भनाइ छ । "बारीमा आठ किलोभन्दा ठूलो काउली धेरै नै फलेका छन् । बारीको सबैभन्दा ठूलो काउली टिपेर जोख्ने क्रममा ११ केजीको भएको पाइयो", बस्नेतले भन्नुभयो, "लामो समयको मेहनत र परिश्रमका कारण राम्रो उत्पादन भएकामा खुसी लागेको छ ।" काउलीको डाँठ र पात कटाएर नौ किलो भनिएको भए पनि अझै बढी तौल रहेको उहाँको भनाइ छ । कृषि क्षेत्रमा निरन्तर मेहनत गर्दै आउनुभएकी किसान बस्नेतले मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने क्रममा यसपटक एउटै काउली नौ केजीभन्दा बढीको उत्पादन भएको जानकारी दिनुभयो । कृषि ज्ञानकेन्द्र गोरखाले किसान बस्नेतको परिवारलाई बारीमा ठूलाठूला काउली फलेकाले 'कृषि, पर्यटन तथा व्यापार प्रवर्द्धन मेला-२०८०' को प्रदर्शनीमा लैजान सुझाव दिएकाले आफूहरूले बारीमा उत्पादित सबैभन्दा ठूलो काउली प्रदर्शनीमा पुऱ्याएको एककुमारीका श्रीमान् प्रह्लाद बस्नेतले बताउनुभयो ।

"भक्तपुरे जातको काउलीलाई यो वर्ष हामी आफैँले क्रस गरेर बीउ उत्पादन गरी लगाएका हौँ", उहाँले भन्नुभयो, "भदौमा रोपेको काउली अहिले टिपेर पूरै जोख्दा ११ केजी रहेको पाइयो । मेलामा ज्ञान केन्द्रले प्रदर्शनमा राखेको उक्त काउली हेर्नेका हाल भीड नै लागेको छ ।

# बाँदरका डरले हिउँदे बाली लगाउँदैनन् किसान

**पोखरापत्र संवाददाता**
पर्वत, २० पुस

पर्वतका ग्रामीण क्षेत्रमा बाँदर आतङ्क दिन प्रतिदिन बढ्दै गएको छ । बाँदर आतङ्कले हिउँदे बालीनाली लगाउने प्रचलनसमेत कम हुँदै गएको छभने लगाएकाहरूलाई पनि पाक्ने बेलासम्म बाली जोगाउन हम्मेहम्मे पर्दै आएको छ ।

जिल्लाको कुश्मा नगरपालिका-९ का पुनाखर पराजुली विगतका वर्षमा १८ रोपनी खेतमा गहुँ खेती गर्दै आए पनि अहिले बाँझै राखेको बताउनुहुन्छ । विगतमा मङ्सिर तेस्रो सातासम्म गहुँ उम्रिएर हरियाली हुन्थ्यो । यतिबेला गहुँमा सिँचाइ गर्न व्यस्त हुनुहुने पुनाखर बाँदरका कारण फुर्सदिलो बन्नुभएको छ । बाँदर आतङ्क बढ्दै गएपछि पुनाखरको साँधका विष्णुहरि पराजुली र टीकाराम तिवारीको ५० रोपनीभन्दा धेरै जमिन पनि बाँझै छ । उहाँहरूले धान थन्क्याइसकेपछि सबै जग्गा बाँझै छोड्नुभएको हो । "धान जेनतेन थन्क्याउन सकिन्छ", टीकाराम भन्नुहुन्छ, "हिउँदे खेती जति नै प्रयास गर्दा पनि जोगाउन नसकेपछि आजित भएर लगाउनै छोडियो ।"

त्यसैगरी, फलेवास-४ का रामप्रसाद गौंडेलले लगाएको ४० केजी आलु उम्रिन नपाउँदै एक हूल बाँदर पसेर सर्वनाश पारिदियो।बिहादीगाउँपालिका-३ का रामु पराजुलीले सहकारीमार्फत बर्सेनि एक सय रोपनीमा सामूहिक आलुखेती गर्दै आउनुभएको थियो तर बाँदरबाट जोगाउन नसक्ने भएपछि पछिल्लो तीन वर्षयता आलु रोप्नै छोडेको बताउनुहुन्छ ।

"एक पटक पल्केपछि बाँदरले खेती सखाप नपारेसम्म नछोड्ने रहेछ", उहाँ भन्नुहुन्छ, "हजारौँ खर्च गरेर महिनौँसम्म खटेको बाली एकै दिनमा सखाप पारिदिएपछि सबै किसान आजित भए । अहिले जति नै प्रयास गर्दा पनि व्यावसायिक आलुखेती गर्न सकिएन ।" बाँदरको हैरानी खेप्न नसक्नुभएका उहाँ दुई वर्षयता बाँदरबाट जोगिन बेसार, अदुवा, तोरीलगायत वैकल्पिक खेतीतर्फ लागेको जानकारी दिनुहुन्छ ।

अहिले जिल्लाभर बाँदरको आतङ्क फैलिएको छ । जिल्लाका ६१ वडामै बाँदरको समस्या नभएको कुनै वडा छैन । कतिपय ठाउँमा किसानले बाली जोगाउन रातदिन समूह भएर जाग्राम बस्नुपरेको छ । बाँदर आतङ्क किसानका लागि टाउको दुखाइको विषय बनेको सरोकारवालाहरूको भनाइ छ । मोदी-२ का गुरुदत्त चापागाईं भन्नुहुन्छ, "पहिला कुकुर भुक्दा भाग्थ्यो । अहिले कुकुरलाई नै झम्टिन आउँछ । जलजला-५ की पार्वती खत्रीले रोपेको २५ केजी आलु बाँदर पसेपछि बाटै बाँकी नराखेर उखेलेको थियो ।"

पर्वतमा आलुको पकेट क्षेत्र मानिने जलजला गाउँपालिकाका बर्नौं, शालिजा, लेखफाँट, क्याङ, भुकताङले, बाँसखर्कलगायत वडामा आलुखेतीमा पनि बाँदर मुख्य समस्या बनेकाले किसान चिन्तित बनेका छन् । "अहिले आलु मात्रै नभएर सुन्तला पनि खान थालेको छ", बाँसखर्कका समुद्र खत्री भन्नुहुन्छ, "पहिला मान्छे देखेर भाग्ने बाँदर अहिले मान्छेलाई नै झम्टिन आउँछ ।"

जिल्लाका उच्च भेगमा पर्ने गाउँको मुख्य बाली आलुखेती हो । हिउँदे खेतीका लागि उपयुक्त मानिने कुश्मा र फलेवास नगरपालिकामा पनि बाँदरको हैरानीले किसानले लगाएको कुनै पनि हिउँदे खेती स्याहार्न नपाइएको किसानको गुनासो छ । दशकअघिसम्म पर्वतबाट अन्य जिल्लामा गहुँ र गहुँको बीउसमेत निर्यात हुने गरेकामा पछिल्ला वर्षमा गहुँ र गहुँको पीठो तराईका विभिन्न उद्योगको भर पर्नुपरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लाको फलेवास नगरपालिकाले चालु आर्थिक वर्ष किसानलाई आलु र गहुँको बीउ निःशुल्क वितरण गर्ने कार्यक्रम राखे पनि अपेक्षित माग नआएको जनाएको छ । "फाटफुट माग आएको थियो", कृषि शाखा प्रमुख केदार सापकोटा भन्नुहुन्छ, "बीउ माग गर्ने किसानले बाँदर जोगाइदिने भए लैजान्छौँ, नत्र लैजाँदैनौँ भनेका छन् ।" महाशिला र पैयुँ गाउँपालिकाले आर्थिक वर्ष ०७५/७६ मा सुरु गरेको बाँदर नियन्त्रणको योजना सफल हुन नसकेपछि अहिले त्यस क्षेत्रमा समेत किसानले हिउँदे खेतीप्रति रुचि देखाउन छाडेका छन् ।

# खेलाडीको बिदाइ

**रासस**
काठमाडौं, २० पुस

दक्षिण अफ्रिकामा आयोजना हुने आइसिसी यू-१९ (उन्नाइस वर्षमुनि) विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुन जाने नेपाली टोलीलाई बिदाइ गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा यहाँ शुक्रबार आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ, क्यानका अध्यक्ष चतुरबहादुर चन्दलगायतले टोलीलाई सफलताको शुभकामना दिनुभयो । आगामी माघ ५ गतेदेखि २८ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा १६ राष्ट्रका खेलाडी सहभागी छन् । सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'डी' मा रहेको छ । नेपाल रहेको समूहमा अफगानिस्तान, पाकिस्तान र न्युजिल्यान्ड छन् । त्यस्तै समूह 'ए' मा भारत, बङ्गलादेश, आयरल्यान्ड र अमेरिका, समूह 'बी' मा इङ्ल्यान्ड, दक्षिण अफ्रिका, वेस्ट इन्डिज र स्कटल्यान्ड तथा समूह 'सी' मा अस्ट्रेलिया, श्रीलङ्का, जिम्बावे र नामिबिया छन् ।

प्रत्येक समूहका शीर्ष तीन टोली अर्को चरणमा प्रवेश गर्नेछन् । नेपालले आइसिसी एसिया छनोटमा संयुक्त अरब इमिरेट्स (युएई) लाई पराजित गर्दै विश्वकपको यात्रा तय गरेको थियो । नेपालले पहिलो खेल आगामी माघ ७ गते न्युजिल्यान्डसँग खेल्ने छ । दोस्रो खेल माघ १० गते पाकिस्तानसँग तथा तेस्रो खेल माघ १३ गते अफगानिस्तानसँग खेल्नेछ । त्यसअघि नेपालले यही पुस २८ गते स्कटल्यान्ड र माघ २ गते वेस्ट इन्डिजसँग अभ्यास खेल खेल्नेछ । क्यानले विश्वकपका लागि बिहीबार देव खनालको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको थियो ।

# बगर बन्यो खेलमैदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० पुस

म्याग्दीको मङ्गला गाउँपालिका-५ कैलाशफाँटमा झाडीले भरिएको बगरलाई खेलमैदानमा परिणत गरिएको छ । म्याग्दी नदी किनारमा झाडीले भरिएको बगर र सार्वजनिक जमिनमा तटबन्ध गरी सम्याएर बनाइएको खेलमैदानलाई श्रमदानमार्फत स्तरोन्नति गरी प्रयोगमा ल्याएको हो ।

मङ्गला-५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले जनप्रतिनिधि, स्थानीयवासी, खेलाडी र विद्यार्थीले श्रमदान गरेर झाडीयुक्त बगरलाई खेलमैदानमा परिणत गरेका जानकारी दिनुभयो । "चार वर्षअघि डोजरले जमिन सम्याउने काम भए पनि खेलमैदान प्रयोगमा नआउँदा झाडीले भरिएको थियो", उहाँले भन्नुभयो, "पुस १ देखि १२ गतेसम्म सञ्चालन भएको श्रमदान अभियानमार्फत स्तरोन्नति गरिएको थियो ।" उहाँका अनुसार उक्त खेलमैदानमा पुस १५ देखि १७ गतेसम्म पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ ।

खेलमैदानमा झाडी फाँड्ने, रहेका ढुङ्गा टिपेर व्यवस्थापन गर्ने, सम्याउने र स्टेज बनाउन म्याग्दी नदी किनारबाट ढुङ्गा ढुवानी गर्न एक हजार पाँच सयले श्रमदान गरेका वडाध्यक्ष खत्रीले बताउनुभयो । उहाँका अनुसार ससाना ढुङ्गा हटाउने, माटो राख्ने र खाल्डाखुल्डी पुरेर खेल्ने क्रममा चोटपटक नलाग्ने बनाइएको छ । बाबियाचौर, पीपलबोट, रणवाङका युवाक्लब र आमासमूहको नेतृत्वमा दैनिक २० देखि ३० जनाका दरले स्थानीयवासी श्रमदान अभियानमा सहभागी भएका पीपलबोटका युवा श्यामसुन्दर कँडेलले बताउनुभयो । बाबियाचौरको मङ्गला मावि, डनिङ आवासीय र छिस्वाङको शारदा माध्यमिक विद्यालयका विद्यार्थीले बिदाको दिन खेलमैदानमा श्रमदान गरेका थिए ।

गाउँपालिकाले जमिन सम्याउन डोजर परिचालन गर्नुका साथै स्टेज बनाएको छ । जमिन सम्याउन डोजर भाडा र स्टेज बनाउन रु पाँच लाख बराबरको खर्च भएको गाउँपालिकाका प्राविधिक नगेन्द्र सापकोटाले जानकारी दिनुभयो । "झाडीले भरिएको कैलाशफाँट अहिले व्यवस्थित बनेको छ । खेलमैदानले स्वरुप लिएको छ", उहाँले भन्नुभयो । गण्डकी प्रदेशको एक स्थानीय तह, एक खेलमैदान कार्यक्रममार्फत रु १५ लाख बजेटबाट विसं २०७६ मा १२० मिटर लम्बाइ र ७१ मिटर चौडाइ भएको खेलमैदान बनाइएको थियो । खेलमैदानलाई कटानबाट बचाउन म्याग्दी नदीको किनारमा एक सय २० थान ग्याबियन पर्खाल निर्माण गरिएको थियो ।

गाउँपालिकाको केन्द्र बाबियाचौर, पीपलबोट, सहश्रधारा र रणवाङलाई पायकपर्ने ठाउँमा रहेको कैलाशफाँट नजिकै हालै झोलुङ्गे पुल निर्माण भएको छ । व्यवस्थित खेलमैदान अभावमा खेलकुद गतिविधि र प्रतियोगिता सञ्चालन गर्न तथा खेलाडीले खेल अभ्यास गर्न समस्या थियो ।

गाउँपालिकाका अध्यक्ष शतप्रसाद रोकाले विद्यालय परिसरमा खेलकुद गतिविधि सञ्चालन गर्दा पठनपाठन प्रभावित भएकाले खेलकुदका लागि वैकल्पिक स्थानमा खेलमैदान बनाउने अभियान चलाइएको बताउनुभयो । कैलाशफाँटको खेलमैदानलाई पालिकास्तरीय बनाउने योजना रहेको उहाँको भनाइ थियो ।


## ऋण चुक्ता तथा धितो सकार गर्ने बारे १५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८०/०९/२१, पोखरापत्र राष्ट्रिय दैनिक**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट व्यक्तिगत कर्जा लिनु भएका संस्थाका शेयर सदस्य भानु-९, तनहुँ निवासी महालक्ष्मी घिमिरेको ऋणको सावा तथा ब्याज असुल हुन नसकी मिति २०८०/०८/०७ गते ३५ दिने लिलाम सम्बन्धी सूचना प्रकाशित भइसकेको हुँदा उक्त ३५ दिन भित्र लिलाम बोल बढाबढको लागि कोही कसैको पनि आवेदन नपरेको कारण यो १५ दिने ऋण चुक्ता गर्न आउने सूचना प्रकाशित गरिएको छ । १५ दिनभित्रमा संस्थाले पाउनु पर्ने सावाँ र व्याज बुझाउन नआएमा धितो लिलाम उपसमिति र समाजका भद्र भलादमीले कायम गरेको पंचकृत मूल्याङ्कन अनुसार संस्था आफैले तपसील बमोजिमको धितो सकार गर्ने जानकारी गराउदछौं ।

**तपसील**

| ऋणी विवरण | धितो विवरण |
|---|---|
| ऋणीको नामः महालक्ष्मी घिमिरे<br>स्थायी ठेगानाः भानु -९, तनहुँ<br>नागरिकता नं.: ६४५<br>हालको ठेगानाः<br>पोखरा महानगरपालिका वडा नं. २७<br>लेखनाथ, कास्की<br>बाबुको नामः शशिधर घिमिरे<br>हजुरबुबाको नामः विष्णु प्रसाद पौडेल<br> | धितोको विवरणः कास्की जिल्ला अर्घो-२, कित्ता नं. ४४३२, क्षेत्रफलः ०-३-३-० क्षेत्रफलः ११९.२४ वर्ग मिटर |

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०